## अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधारका लागि आर्थिक सबलीकरण कार्यक्रम सञ्चालन प्रकृया

क) पृष्ठभूमिः

कोशी प्रदेश सरकार, कोशी प्रदेशका स्थानीय तहहरु तथा साझेदार संस्था करुणा फाउण्डेसन नेपालको त्रिपक्षीय लागत साझेदारी तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, कोशी प्रदेशको प्राविधिक सहयोगमा कोशी प्रदेशका स्थानीय तहहरुमा आ.व. २०७६/७७ बाट सुरु भएको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको मुख्य लक्ष्य जन्मदेखि १० वर्ष मुनीका बालबालिकामा जन्मजात तथा जन्मपश्चात विकसित हुने अपाङ्गता न्यूनिकरण गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरु सहितको समावेशी समाजको निर्माण गर्नु रहेको छ ।कार्यक्रम सञ्चालन भएका प्रथम र दोश्रो चरणका ७३ स्थानीय तहहरुबाट साझेदार संस्था करुणा फाउण्डेसन नेपाल आर्थिक वर्ष २०७९/८०अन्त्य देखि बहिर्गमन भए पश्चातकोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले कार्यक्रमलाई आन्तरिकीकरण गरी सम्बन्धित स्थानीय तहहरुसँग सहकार्य गर्दै कार्यक्रमलाई अगाडी बढाइरहेको छ।कोशी प्रदेशका बाँकी रहेका ६४ स्थानीय तहहरुमा अहिले पनि कोशी प्रदेश सरकार स्थानीय तहहरु तथा करुणा फाउण्डेसन नेपालको साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालन भइरहेको छ ।

कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुको पुनःस्थापना गर्ने सन्दर्भमा "शिक्षा, स्वास्थ्य, जिविकोपार्जन, समावेशी तथा सशक्तिकरण" गरी विश्व स्वास्थ्य संगठनले तयार पारेको सिविआर कार्यक्रमका पाँचवटा क्षेत्रहरु समेटेर कार्यक्रमहरु कार्यान्वयन भइरहेका छन् । समुदायमा आधारित पुनःस्थापना सहजकर्ता (CBRF) हरुको माध्यमबाट समुदायमा रहेका अपाङ्गता भएका व्यक्तिहरुले विभिन्न किसिमका सेवाहरु प्राप्त गरिरहेका छन् ।अपाङ्गता भएका व्यक्तिहरुको पहिचानको लागि परिचय पत्रमा पहुँच वृद्धि, घरभेट गरी पुनःस्थापना योजना तयार गर्ने र आवश्यक सेवा तथा सुविधाहरुमा सहजिकरण, फिजियोथेरापी सेवा, सहयोगी सामाग्री प्रदान, उपचार सेवा, बालबालिकाहरुका लागि विद्यालय भर्ना तथा निरन्तरताका लागि सहयोग, विद्यालय जान नसक्नेहरुका लागि घरमा आधारित शिक्षा, आयआर्जनका लागि सीपमुलक तालिम र तत्पश्चात स्वरोजगार अभिवृद्धिका लागि सहयोग गर्नु जस्ता मुख्य गतिविधिहरु कार्यक्रम अन्तर्गत रहेका छन् ।

साथै हाल प्रत्येक स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरु वा परिवारका सदस्यहरु सम्मिलित मिलिजुली समूहहरु गठन भई वचत तथा ऋण कार्यक्रमसञ्चालनमा रहेको छ । मिलिजुली समूहमा कार्यक्रमले उपलब्ध गराएको बीउपूँजी तथा सदस्यहरुवाट संकलन गरिएको वचत परिचालन गरी स-साना उद्यमशीलता विकास गरी अपाङ्गता भएका व्यक्तिहरु तथा उनीहरुका परिवारलाई आयआर्जनमा जोड्ने काम भईरहेको छ ।

यसै परिप्रेक्षमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा आ. व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रमकालागि कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयमा प्राप्त बजेटवाट अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक सवलीकरणकालागि कार्यक्रम सञ्चालन गर्न यो संक्षिप्त कार्यप्रकृया तयार गरिएको छ ।यसै कार्यप्रकृयाका आधारमा स्थानीय तहहरुले अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधार कार्यक्रमसञ्चालन गर्नुपर्नेछ ।

क) मुख्य उद्देश्यः

- उद्यम/व्यवसाय स्थापना, विस्तार र शुरु गराई अपाङ्गता भएका व्यक्तिहरुको आयवृद्धिमा सहयोग गर्नु,
- वृद्धि भएको आय आर्जनका माध्यमले अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका परिवारको आर्थिकतथा सामाजिक अवस्थासुधार भई गुणस्तरीय जीवनको आधार निर्माण गर्नु ।

ख) लक्षित समूहः

- अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रममार्फत जिविकोपार्जनका लागि सीप विकास तथा उद्यमशीलता विकास तालीम लिई उद्यम/व्यवसायमा संलग्न अपाङ्गता भएका व्यक्तिहरुर सीप सिकेर पूँजीको अभावमा नयाँ उद्यम स्थापना गर्न नसकेका अपाङ्गता भएका व्यक्तिहरु।

ग) कार्यक्रमको आवश्यकता

अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम कोशी प्रदेशका सम्पूर्ण १३७ स्थानीय तहहरुमा सञ्चालनमा रहेको छ । सामाजिक विकास मन्त्रालय, स्थानीय तहहरु र साझेदार संस्था करुणा फाउण्डेसन नेपालको त्रिपक्षीय लागत साझेदारी तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, कोशी प्रदेशको प्राविधिक सहयोगमा कोशी प्रदेशका स्थानीय तहहरुमा आ.व. २०७६/७७ बाट सुरु भएको यस कार्यक्रमको मुख्य लक्ष्य जन्मदेखि १० वर्ष मुनीका बालबालिकामा जन्मजात तथा जन्मपश्चात विकसित हुने अपाङ्गता न्यूनिकरण गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरु सहितको समावेशी समाजको निर्माण गर्नु रहेको छ।१३७ स्थानीय तहमध्ये कार्यक्रम सञ्चालन भएका प्रथम र दोश्रो चरणका मोरङ, सुनसरी, धनकुटा, भोजपुर, संखुवासभा, पाँचथर र इलाम गरी ७ जिल्लाका ७३ स्थानीय

तहहरुबाट साझेदार संस्था करुणा फाउण्डेसन नेपाल आर्थिक वर्ष २०७९/८० कोअन्त्यदेखि बहिर्गमन भएपश्चातसामाजिक विकास मन्त्रालय र स्थानीय तहले कार्यक्रमलाई आन्तरिकीकरण गरी सम्बन्धित स्थानीय तहहरुसँग सहकार्य गर्दै कार्यक्रमलाई निरन्तरता दिइरहेको छ । बाँकी रहेका सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, उदयपुर, झापा, ताप्लेजुङ र तेह्रथुम जिल्लाका ६४ स्थानीय तहहरुमा गत आ.व. देखि मन्त्रालय, स्थानीय तहहरु र करुणा फाउण्डेसन नेपालको साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालन भईरहेको छ ।

अपाङ्गता भएका व्यक्तिहरु समुदायको सवैभन्दा सीमान्तकृत वर्गहरु हुन् । विभिन्न अवरोध (भौगोलिक, वातावरणिय, संरचनागत, सामाजिकआदि) का कारणहरुले गर्दा अपाङ्गता भएका व्यक्तिहरु विकासको मुलप्रवाहमा आउन सकिरहेका छैनन् । सामान्यतया अहिले पनि अपाङ्गता भएका व्यक्तिहरु केही गर्न सक्दैनन् भन्ने सोच राखी उनीहरु प्रति दयाको भाव देखाउने सामाजिक अवस्था छ । अपाङ्गता भएका व्यक्तिहरुलाई उचित अवसर र उपयुक्त वातावरण प्रदान गर्ने हो भने उनीहरु आत्मनिर्भर हुन सक्छन साथै परिवार समाज र सिङ्गो राष्ट्रलाई योगदान गर्न सक्छन् भन्ने तथ्य धेरै अपाङ्गता भएका व्यक्तिहरुलेआफ्नो क्षमताद्वारा सिद्धगरिसकेका छन् । त्यसैले आर्थिक सवलीकरणका पक्षमा जोड दिँदै अपाङ्गता भएका व्यक्तिहरुलाई जिविकोपार्जनमा टेवा पुर्याउन सके उनीहरुको जीवनमा आर्थिक सुधार आउनेछ ।उनीहरुको जिविकोपार्जन अवसरमा वृद्धि गर्न उद्यमशीलता तथा व्यवसायिक क्षमता अभिवृद्धि गर्नु अपरिहार्य छ । सीपमूलक तालिम तथा उद्यमशीलता विकास र व्यवसायिक सचेतना जस्ता कार्यक्रमहरुले उनीहरुको सीपको उजागर भई केही गर्ने उत्साह जागृत हुनेछ । यसका लागि व्यवसाय अनुदान र वजारीकरणका लागि विभिन्न निकायहरुसँगको सहकार्य र समन्वय पनि आवश्यक रहेको छ । यसै सन्दर्भमा जिविकोपार्जनका लागि सीप विकास तालीम लिई उद्यम/व्यवसायमा संलग्न अपाङ्गता भएका व्यक्तिहरु र सीप सिकेर पूँजीको अभावमा नयाँ उद्यम/व्यवसाय सञ्चालन गर्न नसकेका तथा रोजगारीमा जान चाहने अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरेर कार्यक्रम गर्नु पर्ने आवश्यकता देखिएको छ।

अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको व्यवस्थापन सूचना प्रणाली (MIS System) को अद्यावधिक तथ्याङ्कअनुसार प्रथम चरणमा कार्यक्रम लागू भएका इलाम, धनकुटा, पाँचथर, संखुवासभा, भोजपुर, मोरङ र सुनसरी जिल्लाका ७३ स्थानीय तहहरुमा६९७ जना अपाङ्गता भएका व्यक्तिहरु विभिन्न उद्यम/व्यवसायको माध्यमबाट स्वरोजगार भएका छन् भने १,०५६ जना संरकारी तथा निजी क्षेत्रको रोजगारीमा संलग्न भईजम्मा १,७५३ जना अपाङ्गता भएका व्यक्तिहरु आय आर्जन क्रियाकलापमा संलग्न भएका छन् । उल्लेखित तथ्याङ्कको जिल्लागत विवरण देहाय बमोजिम रहेको छ ।

| जिल्ला | आय आर्जन क्रियाकलापमा संलग्न अपाङ्गता भएका व्यक्तिहरुको संख्या |
|---|---|

| | स्वरोजगार | रोजगार | जम्मा |
|---|---|---|---|
| धनकुटा | ३० | ८२ | ११२ |
| इलाम | १९ | ४ | २३ |
| मोरङ | २६६ | २४७ | ५१३ |
| पाँचथर | ९४ | ७५ | १६९ |
| सुनसरी | १०६ | २२९ | ३३५ |
| भोजपुर | ३८ | ३९ | ७७ |
| संखुवासभा | १४४ | ३८० | ५२४ |
| जम्मा | ६९७ | १,०५६ | १,७५३ |

यिनै र यस्तै अरु नयाँ उधमीहरुको व्यवसाय विस्तार र नयाँ उधमको स्थापना र गरिरहेका उधम/व्यवसायलाई अझ थप प्रवर्द्धन गर्न सकिएमा उनीहरुको जीवनस्तर सुधार सँगसँगै परिवार र समुदायलाई समेत योगदान हुने देखिन्छ ।

घ) कार्यक्रम कार्यान्वयन हुने क्षेत्रहरु

यो कार्यक्रम साझेदार संस्थाको बहिर्गमन पश्चात कार्यक्रमको आन्तरिकीकरण गरीअघि बढाइएका इलाम, धनकुटा, पाँचथर, संखुवासभा, भोजपुर, मोरङ र सुनसरी गरी ७ जिल्लाका ७३ स्थानीय तहहरुमा सञ्चालन हुनेछ।

ङ) कार्यक्रम अन्तर्गत गरिने मुख्य मुख्य क्रियाकलापहरु

यस कार्यक्रम अन्तर्गत निम्न बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछन् ।

१. अपाङ्गता भएका व्यक्तिहरूले सुरु गरेको उधम/व्यवसायलाई स्तरोन्नति गर्नबीउपूँजी सहयोग गर्ने,

२. अपाङ्गता भएका व्यक्तिहरुलाई उधमशीलतासँग जोडिन आवश्यक औजार उपकरण खरिदमा सहयोग पुऱ्याउने,

३. अपाङ्गता भएका व्यक्तिहरुले उत्पादन गरेको वस्तु तथा सेवाको बजार प्रवर्द्धन गर्न सहयोग गर्ने ।

च) कार्यक्रम कार्यान्वयन प्रकृयाः

१. लाभग्राही छनौटः स्थानीय तहहरुले देहाय बमोजिम लाभग्राही छनौट गर्नु पर्नेछ ।

- कार्यक्रममा सहभागी हुन चाहने उद्यम/व्यवसायमा संलग्न अपाङ्गता भएका व्यक्तिहरु र सीप सिकेर पूँजीको अभावमा नयाँ उद्यम/व्यवसाय स्थापना गर्न नसकेका अपाङ्गता भएका व्यक्तिहरुबाट १० दिनको समय दिएर अनुसूची १ को ढाँचामा आवेदन माग गर्ने ।
- कार्यक्रममा सहभागिताका लागि पर्न आएका आवेदनहरु मध्येबाट अधिकतम ३ देखि ५ जनासम्म देहाय अनुसारका आवेदकहरु छनौट गर्ने ।
  - सीमित बजेटका कारण सीप प्राप्त गरेका तर सीमित पूँजीका कारण वा कुनै उद्यम/व्यवसायशुरू गर्न खोजेका वा शुरू गरेपनि न्यून स्रोतका कारण उद्यम/व्यवसायलाई निरन्तरता दिन कठिनाई भएका अपाङ्गता भएका व्यक्तिहरुलाई छनौट गर्ने ।

२. आवेदकहरु मध्येबाट कार्यक्रममा सहभागिताका लागि छनौट गर्न देहाय वमोजिमको योग्यता भएका अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग गर्ने ।प्रस्ताव पेश गर्न देहाय वमोजिमका अपाङ्गता भएका व्यक्तिहरुमात्र योग्य हुनेछन् ।

१.नेपाली नागरिक,
२.सेतो वा पहेंलो अपाङ्गता परिचय पत्र पाएको अपाङ्गता भएको व्यक्ति,
३.निलो र रातो अपाङ्गता परिचय पत्र पाएको व्यक्तिको हकमा एकाघरको परिवारको सदस्य,
४.सम्वन्धित स्थानीय तहको स्थायी वासिन्दा,
५.उद्यम/व्यवसायमा संलग्न भएको वा सीप तालिम प्राप्त गरी उद्यम/व्यवसाय शुरू गर्न तत्पर रहेका अपाङ्गता भएका व्यक्ति,

छ) अपेक्षित उपलब्धिहरु

१. अपाङ्गता भएका व्यक्तिलेउद्यम/व्यवसायविस्तार गर्न आवश्यक सीप पूँजी तथा उपकरण प्राप्त गरीउद्यम/व्यवसायसञ्चालन गरेका हुनेछन् ।
२. अपाङ्गता भएका व्यक्तिहरुको आय बृद्धि भई गुणस्तरीय जीवनयापनमा सहयोग पुग्नेछ ।
३. आय आर्जनमा वृद्धि भई आर्थिक सशक्तिकरण हुनुका साथैसमुदायमा मर्यादित र सम्मानित जीवनयापनको लागि वातावरण तयार हुनेछ ।

ज) अनुगमन तथा प्रतिवेदनः

१. स्थानीय तहको पालिका स्तरीय समन्वय समिति तथा स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको संस्थाका प्रतिनिधिहरूसहितले यस कार्यक्रमबाट लाभान्वित व्यक्तिको उद्यम/व्यवसायको अवस्थाको नियमित अनुगमन गर्नेछ।
२. स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको संस्था (OPD) ले कार्यक्रम कार्यान्वयनको अनुगमन गरी पालिकामा प्रतिवेदन पेश गर्ने ।

३. पालिकाबाट जनप्रतिनिधिहरु सहितको अनुगमन गरी सामाजिक विकास मन्त्रालयमा प्रतिवेदन पेश गर्ने।

४. सामाजिक विकास मन्त्रालयबाट कम्तीमा वर्षको एकपटक कार्यक्रमको अनुगमन गरी संघीय मन्त्रालयमा प्रतिवेदन पेश गर्ने ।

## अनुसूचि- १

## अपाङ्गता भएका व्यक्तिहरूका लागि जिविकोपार्जन कार्यक्रम

## आवेदन फारम

व्यक्तिगत विवरण :

| आवेदकको फाटो |
|---|

१. नाम,थर:..............................................
२. जन्म मिति:..............................................
३. लिङ्ग: ..............................................
४. स्थायी ठेगाना:...................................जिल्ला ............................पालिका, वडा नं. ........
५. अस्थायि ठेगाना:..................................जिल्ला ............................पालिका, वडा नं. ........
६. मोबाइलनम्बर:..................................................... इमेल:..............................................
७. अध्ययन गरेको शिक्षा: ....................
८. अभिभावकको नाम:..................................................... सम्पर्क नम्वर:..................................
९. अपाङ्गताको प्रकार:..................................................
१०. अपाङ्गता भएको अवस्था: क) जन्मजातख)जन्मपश्चात्
११. अपाङ्गता परिचय पत्र लिएको/नलिएको: क) लिएको ख) नलिएको
१२. अपाङ्गता परिचय पत्र लिएको भए परिचय पत्रको प्रकार:क) रातो ख) निलो ग) पहैंलो घ) सेतो
१३. उद्यम/व्यवसायका लागि तपाईसँग के कस्तो सीप रहेको छ?

.............................................................................................................................

............

१४. आवेदन गर्न चाहेको विषय:

क) उद्यम/व्यवसाय पूरानो विस्तार

ख) उद्यम/व्यवसाय स्तरोन्नती तथा शुरू

१५. हाल सञ्चालन गरिरहेको उद्यम/व्यवसाय सम्वन्धी विवरण दिनुहोस:

उद्यम/व्यवसाय सञ्चालन गरेको भए:

- उद्यम/व्यवसायको नाम
- कस्तो प्रकारको उद्यम व्यवसाय हो?
- उद्यममा संलग्न व्यक्तिको संख्या:
- उद्यम/व्यवसायमा चाहिने कच्चा पदार्थ वा तयारी वस्तु कहाँबाट ल्याउनु हुन्छ?
- कति लगानी गर्नु भएको थियो?
- हालको विक्रि वितरणको बजार कहाँ र के कसरि भैरहेको छ
- बिक्रीको लागि स्थानीयं व्यापारी,उद्योगी संग सम्झौता भएको छ वा छैन
- मासिक आम्दानी कति हुन्छ ?
- मासिक आम्दानीले तपाइको मासिक खर्च धान्न पुग्छ कि पुग्दैन?

१६. प्रस्तावित योजनाको विवरण दिनुहोस:

| योजनाको नाम | अनुमानित लगानी | वित्तीय श्रोत | | थप लगानी पछिको नयाँ बजार कहाँ हो,त्यसको लागि कुनै ब्यापारी, सेवा प्रदायक सँग सम्झौता भएको छ? | लगानी थप पश्चात हुने अपेक्षित मासिक आम्दानी |
|---|---|---|---|---|---|
| | | स्व-लगानी | कार्यक्रमबाट | | |
| उद्यम/व्यवसाय विस्तार | | | | | |
| उद्यम/व्यवसाय स्तरोन्नती | | | | | |
| औजार उपकरण | | | | | |
| जम्मा | | | | | |

१७. तपाईलाई हिड्डुल गर्नका लागि सहयोगीको आवश्यकता पर्छ कि पर्दैन? क) पर्छ   ख) पर्दैन

१८. तपाईलाई आफ्नो दैनिक कृयाकलाप सञ्चालन गर्न तथा आवागमनका लागि कुनै प्रकारको सहयोगि सामाग्रि प्रयोग गर्नुहुन्छ ?   क) गर्छु   ख) गर्दिन

१९. आवेदक

नाम : ....................

पद : ....................

हस्ताक्षर : ....................

नोटः यो आवेदन फारम सम्वन्धित व्यक्तिले आफ्नो स्थानीय तह मार्फत सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ ।